# सवारी साधनहरुको बिक्री सम्बन्धी सूचना

यस कम्पनीको नाममा रहेको तपसिलमा उल्लेखित सवारी साधनहरु जहाँ जे जेस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोमा हुँदा यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, वा फर्म कम्पनीहरुले यस कम्पनीको प्रशासन शाखा, बवरमहल टंकप्रसाद मार्ग, काठमाण्डौबाट प्राप्त हुने प्रती बोलपत्र फारम रु ३,०००/-(रुपैंया तीन हजार मात्र फिर्ता नहुने गरी) तपसिल तोकिएको शर्तहरु अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव यस कम्पनीको केन्द्रीय कार्यालय टंकप्रसाद मार्ग बवरमहलमा पेश गर्नहुन आव्हान गरिन्छ । बिक्री हुने सवारी साधनहरुको बिवरण निम्न अनुसार छन् :

| सि.नं. | सवारीको बिवरण | सवारी रहेको स्थान | बनेको साल | रजिष्टर्ड नं. | न्यूनतम कबोल मुल्य |
|---|---|---|---|---|---|
| १ | फोर्ड फ्रिस्टाइल (1194 सि.सि पेट्रोल) | विर्तामोड | २०१९ | बा २१ च ३७६७ | १६,००,०००।- |
| २ | टोयोटा रस FCooRE-GNNF- (1496 सि.सि पेट्रोल) | बवरमहल, काठमाण्डौ | २०१८ | बा २० च ६९९६ | ३९,००,०००।- |
| ३ | हुन्डाई एसेन्ट नि (1399 सि.सि पेट्रोल) | विराटनगर | २०११ | ब एए ३४२२ | ७,००,०००।- |
| ४ | हुन्डाई क्रेटा MALC381 ULGM112179XE (1582 सि.सि डिजेल) | बवरमहल, काठमाण्डौ | २०१६ | बा १५ च ३९९७ | ३०,००,०००।- |
| ५ | फोर्ड फिगो 1.2 (1196 सि.सि पेट्रोल) | बवरमहल, काठमाण्डौ | २०१३ | ब एए ३४२४ | ७,५०,०००।- |
| ६ | बजाज Pulsar NS 200 सि.सि | बवरमहल, काठमाण्डौ | २०२१ | बा.प्र.०२.०२५.प ५७३२ | १,३०,०००।- |
| ७ | बजाज Pulsar 220 सि.सि | बवरमहल, काठमाण्डौ | २०२१ | बा.प्र.०२.०३३.प २७९२ | ९०,०००।- |
| ८ | यमाह fzs 149 सि.सि | बवरमहल, काठमाण्डौ | २०१५ | बा ७१ प ३८०० | ३०,०००।- |
| ९ | बजाज Pulsar 220 सि.सि | बवरमहल, काठमाण्डौ | २०२० | बा.प्र.०२.०२०.प ४५४९ | ८०,०००।- |

**शर्तहरुः**

१. बोलपत्र फारम व्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा संस्थाको दर्ता प्रमाणपत्र र गत आ.व.को कर चूक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी फारम दस्तुर वापतको नगदै रकम (फिर्ता नहुने गरी) यस कम्पनीको केन्द्रीय कार्यालयमा बुझाई खरिद गर्नुपर्नेछ ।

२. कम्पनीबाट खरिद गरेको बोलपत्र फारममा लिन चाहेको सवारी साधनको बिवरण, मूल्य अंक र अक्षरमा स्पष्ट उल्लेख गरी शिलबन्दी गरी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ । फोटोकपी गरी पेश गरेको फारम मान्य हुने छैन । एक भन्दा बढी सवारी साधन (चार पाङ्ग्रे) खरिद गर्न चाहानेले प्रत्येक सवारीको लागी छुट्टाछुट्टै शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

३. प्रस्ताव फारम स्विकृत भएको खण्डमा आफुले खरिद गर्न चाहेको सवारी साधनको मूल्यको १० प्रतिशतले हुने धरौटी रकम सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको अनामनगर स्थित प्रभु बैंकमा रहेको खाता नं.0010001602900016 मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

४. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र पेश गरी दर्ता गर्नु पर्नेछ ।

५. बोलपत्रवालाले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र आफुले खरिद गर्न चाहेको रकम जम्मा गरी सवारी साधन आफनो नाममा नामसारी गर्नुपर्नेछ । खरिद गरी लिदा लाग्ने सम्पूर्ण सरकारी दस्तुर, कर शुल्क खरिदकर्ताले आफैं व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र दाखिला गरिसेकेपछि बोलपत्र स्विकृत अस्वीकृत बारे कम्पनीबाट टुङ्गो नलागे सम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन ।

७. सवारी साधन अवोलोकन गर्न चाहेमा कार्यालय समयमा हेर्न सकिनेछ ।

८. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस कम्पनीमा सुरक्षित रहनेछ ।


## सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
## Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY

बबरमहल, काठमाडौ सम्पर्क नंः +९७७-१-५७०५७६६, ५७०७१९०, ५७०५४४७

Email : siddharthapremier@spil.com.np